२०७६।०३।०८

११ औं बैठक

आज मिति २०७६।०३।०८ गते आइतबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

# प्रस्ताव तथा निर्णयहरु

## १. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा

निर्णय नं १ - दिगो विकास लक्ष्य तथा सूचकहरु, पन्ध्रौ आवधिक विकास योजना र यस गाउँपालिका अर्न्तगतका विकास समितिहरुको निर्णयलाई आधार बनाई आर्थिक वर्ष २०७६/७७ को लागि निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई यस गाउँपालिका अर्न्तगतको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको वार्षिक नीति तथा कार्यक्रम लाई संशोधन सहित पारित गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

## २. आर्थिक विधयेक, २०७६ सम्बन्धमा

निर्णय नं. २ - स्थानीय राजश्व परामर्श समितिले सिफारिस गरेको आन्तरिक राजश्वको क्षेत्र र दरको आधारलाई स्वीकृत गरी प्रस्तावित कर, शुल्क, दस्तुर र महशुलका क्षेत्र र दर सहितका विषयलाई समावेश गरी आर्थिक विधेयक, २०७६ लाई सर्वसम्मतबाट पारित गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

## ३. विनियोजन विधेयक, २०७६ सम्बन्धमा

निर्णय नं. ३ - यस गाउँपालिका अर्न्तगतको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गाउँपालिकालाई प्राप्त हुने आन्तरिक आय , राजश्व बाडफाँड, समानिकरण अनुदान, शर्सत अनुदान, समपुरक अनुदान र अन्य अनुदानबाट प्राप्त हुने अनुमानित रकम तथा सोको सन्तुलित वितरणको प्रस्ताव पेश गरेकोले उक्त प्रस्तावलाई पारित गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

## ४. बेरुजु फर्छ्यौट गठन सम्बन्धमा

निर्णय नं. ४- महालेखा परीक्षकको प्रतिवेदनमा औल्याएका बेरुजु असुल उपर गरी फर्छ्यौट गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा बेरुजु लिखत कायम गरी सिफारिस गर्न तपशिल बमोजिमका ५ सदस्यीय समति गठनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरीयो ।

<u>तपशिल</u>

संयोजक श्री शम्शेर घिसिङ

सदस्य श्री रेशम राजस्वराज रिमाल

सदस्य श्री अर्जुन खडका

सदस्य श्री मानकुमारी रिंमाल

सदस्य श्री लेखा प्रमुख